# चौथो त्रैमासिक स्वतःप्रकाशन

## (२०८३ बैशाख देखि २०८३ असार मसान्तसम्म)

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण स्वतःप्रकाशन



नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

**सघन शहरी तथा भवन निर्माण आयोजना**

गोरखा, गण्डकी प्रदेश, नेपाल

आयोजना प्रमुख

सघन शहरी तथा भवन निर्माण आयोजना
गोरखा

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम स्वतःप्रकाशन गर्नुपर्ने आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक (२०८३ बैशाख देखि असार मसान्तसम्म) विवरण**

## १. निकायको स्वरुप र प्रकृतिः

भौतिक योजना कार्यान्वयन ऐन, २०२९ बमोजिम तत्कालीन आवास, भवन तथा भौतिक परियोजना विभाग अन्तर्गत क्षेत्रीय विकासको अवधारणालाई परिष्कृत गर्दै नेपाल सरकारको मिति २०४५।०४।२६ को निर्णयानुसार आवास तथा शहरी विकास विभाग मातहत पोखरा लगायत पाँच वटा क्षेत्रीय निर्देशनालय तथा जिल्ला कार्यालयहरूको स्थापना गरिएको थियो। व्यवस्थित शहरी विकास तथा आवास योजनाको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्य अनुरूप नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०५४।०३।०५ को निर्णयानुसार मिति २०५४।०४।०१ देखि जिल्ला कार्यालयहरूलाई आवास तथा शहरी विकास कार्यालयमा रूपान्तरण गरिएको थियो। त्यसैगरी व्यवस्थित आवास तथा शहरी विकास तथा उपयुक्त भवन निर्माण सम्बन्धी कार्यमा रहेको दोहोरोपन हटाई एउटै निकायमार्फत सञ्चालन गर्ने उद्देश्यले समान उद्देश्य, कार्यक्षेत्र तथा जनशक्ति भएका साविकका भवन विभाग र आवास तथा शहरी विकास विभागलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०५७।०३।२६ को निर्णयानुसार एकीकरण गरी हालको शहरी विकास तथा भवन निर्माण विभागको स्थापना भएको थियो ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।०६।०९ गतेको निर्णयानुसार शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यालयहरूको पुनःसंरचना गरी गोरखा, लमजुङ र मनाङ जिल्लालाई कार्यक्षेत्र तोकी साविक संघीय आयोजना कार्यान्वयन इकाई, कास्कीबाट छुट्ट्याई सघन शहरी तथा भवन निर्माण आयोजना, गोरखाको स्थापना गरिएको हो । स्थापना पश्चात् उक्त तीन जिल्लाः गोरखा, लमजुङ र मनाङ अन्तर्गतका वार्षिक स्वीकृत कार्यक्रम तथा आयोजनाहरू यस कार्यालयमार्फत कार्यान्वयन हुँदै आएका छन् ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

यस कार्यालयको मुख्य उद्देश्य गोरखा, लमजुङ र मनाङ जिल्लाभित्र सुरक्षित, गुणस्तरीय, दिगो तथा वातावरणमैत्री शहरी पूर्वाधार तथा सरकारी भवनहरूको निर्माण, मर्मत-सम्भार र स्तरोन्नति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी शहरी विकास सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्नु रहेको छ।

यस कार्यालयबाट मुख्य रूपमा देहाय बमोजिमका कार्यहरू सम्पादन गरिन्छः

आयोजना प्रमुख

- नेपाल सरकारबाट स्वीकृत शहरी विकास, भवन निर्माण तथा सार्वजनिक पूर्वाधार सम्बन्धी आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने।
- राष्ट्रिय राजमार्गसँग जोडिने मुख्य पहुँचमार्ग, शहरी सडक तथा अन्य शहरी पूर्वाधारहरूको निर्माण, स्तरोन्नति तथा मर्मत-सम्भार गर्ने।
- संघीय सरकारी कार्यालय भवन, प्रशासनिक भवन, सेवा केन्द्र, आवासीय भवन तथा अन्य सार्वजनिक भवनहरूको निर्माण, पुनर्निर्माण, मर्मत-सम्भार तथा स्तरोन्नति गर्ने।
- स्वास्थ्य चौकी, आधारभूत अस्पताल तथा अन्य सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नतिका कार्यहरू सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वयन गर्ने।
- स्थानिय निकाय बाट माग भएका योजना हरुको योजना बैंकमा प्रविष्टि गरि आवश्यक समन्वय तथा सहजीकरण गरेको।
- स्वीकृत आयोजनाहरूको विस्तृत लागत अनुमान, प्राविधिक परीक्षण, निर्माण सुपरिवेक्षण, गुणस्तर नियन्त्रण, नापजाँच, मूल्याङ्कन तथा कार्यसम्पादन अनुगमन गर्ने।
- निर्माण कार्यमा प्रचलित कानून, मापदण्ड, भवन संहिता, डिजाइन तथा प्राविधिक विशिष्टीकरणको पालना गराउने।
- निर्माण सम्पन्न आयोजनाहरूको प्राविधिक परीक्षण, हस्तान्तरण तथा अभिलेखीकरण गर्ने।
- शहरी विकास तथा भवन निर्माण विभागबाट तोकिएका अन्य प्राविधिक तथा प्रशासनिक कार्यहरू सम्पादन गर्ने।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:

| क्र.स. | पद | श्रेणी | सेवा | समुह | उपसमुह | दरबन्दी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्वीकृत | पदपूर्ति | रिक्त | |
| १. | आयोजना प्रमुख/ सि.डि.ई | रा.प.द्वि. (प्रा.) | नेपाल ईन्जिनियरिङ | सिभिल | वि.एण्ड.आर. | १ | १ | ० | |
| ४. | लेखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन | लेखा | | १ | १ | ० | |
| ३. | ईन्जिनियर | रा.प.तृ. (प्रा.) | नेपाल ईन्जिनियरिङ | सिभिल | वि.एण्ड.आर. | ६ | ३ | ३ | |
| ४. | नायब सुब्बा | रा.प.अनं. प्र. | नेपाल प्रशासन | सा.प्र. | | १ | १ | ० | |
| ५. | सव-ईन्जिनियर | रा.प.अनं. प्र.(प्रा.) | नेपाल ईन्जिनियरिङ | सिभिल | वि.एण्ड.आर. | ४ | २ | २ | |
| ६. | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्र.(प्रा.) | नेपाल विविध | | | १ | १ | ० | |
| ७. | सव-ईन्जिनियर | रा.प.अनं. प्र.(प्रा.) | नेपाल ईन्जिनियरिङ | इले. | ज.इले. | १ | ० | १ | |

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी तथा भवन निर्माण आयोजना

आयोजना प्रमुख

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | असिष्टेण्ट ल्याव टेक्निसियन | रा.प.अनं. द्वि.(प्रा.) | नेपाल विविध | | | १ | ० | १ | |
| ९. | अ.सव-ईन्जिनियर | रा.प.अनं. द्वि.(प्रा.) | नेपाल ईन्जिनियरिङ | सिभिल | वि.एण्ड.आर. | २ | २ | ० | |
| १०. | ह.स.चा | श्रेणिविहिन | | | | १ | १ | ० | |
| ११. | का.स | श्रेणिविहिन | | | | २ | २ | ० | |
| | | | | | जम्मा | २१ | १४ | ७ | |

## ४. निकायबाट प्रदान गरिने सेवा, दस्तुर, अवधि, जिम्मेवारी शाखा र अधिकारी:

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना, गोरखा

**नागरिक वडापत्र**

| सि.नं. | कार्यक्रम/सेवाको नाम | सेवाको विवरण | आवश्यक पर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने | | जिम्मेवार शाखा/ इकाई | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | समय | शुल्क | | |
| १ | शहरी पूर्वाधार विकास सम्बन्धी कार्य | सघन शहरी विकास कार्यक्रम अन्तर्गतका योजनाहरु सञ्चालन | कार्यक्रम छनौट भएको वा हुनुपर्ने आधार, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र तथा सूचना बमोजिम | तोकिए बमोजिम | निशुल्क | प्राविधिक शाखा | कार्यालय प्रमुख |
| २ | भवन निर्माण तथा भवन संहिता सम्बन्धी कार्य | भवन निर्माण संहिता तथा सरकारी भवन निर्माणसँग सम्बन्धित योजनाहरु | कार्यक्रम छनौट भएको वा हुनुपर्ने आधार, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र तथा सूचना बमोजिम | तोकिए बमोजिम | निशुल्क | प्राविधिक शाखा | कार्यालय प्रमुख |
| ३ | आवास पूर्वाधार सम्बन्धी कार्य | आवास, सुरक्षित नागरिक जोखिम एकिकृत बस्ती स्थानान्तरण, बस्ती विकाससँग सम्बन्धित योजनाहरु | कार्यक्रम छनौट भएको वा हुनुपर्ने आधार, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र तथा सूचना बमोजिम | तोकिए बमोजिम | निशुल्क | प्राविधिक शाखा | कार्यालय प्रमुख |
| ४ | प्राविधिक परामर्श वा विशेषज्ञ सेवा दिने सम्बन्धी कार्य | विभिन्न संघीय सरकारी कार्यालय, अन्य निकाय वा व्यक्तिलाई विशेषज्ञमूलक परामर्श, प्राविधिक सेवा उपलब्ध गराउने | सम्बन्धित कार्यालय, निकाय वा व्यक्तिबाट लिखित रुपमा पत्र वा निवेदन | यथासिघ्र | निशुल्क | प्राविधिक शाखा | कार्यालय प्रमुख |
| ५ | खरिद सम्बन्धी कार्य | वार्षिक कार्यक्रम अनुसारको खरिद कार्यको मूल्याङ्कन, व्यवस्थापन एवं सम्पादन गराउने | सार्वजनिक खरिद ऐन/नियमावली तथा सम्बद्ध कानुन बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | खरिद इकाई | कार्यालय प्रमुख |
| ६ | कार्यालयको सूचना सम्बन्धी | सूचनाको हक अनुसारको सूचना वा जानकारी उपलब्ध गराउने | तोकिए बमोजिमको ढाँचामा निवेदन | तोकिए बमोजिम | तोकिए बमोजिम | सूचना अधिकारी | कार्यालय प्रमुख |
| ७ | लेखा प्रणाली सम्बन्धी | तलब भत्ता, पारिश्रमिक, बिल तथा खर्च भुक्तानी, धरौटी फिर्ता, बेरुजु फछर्यौट एवं सम्परिक्षण, विनियोजित बजेटको व्यवस्थापन र संशोधन माग | प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली, लेखा परिक्षण ऐन/आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली एवम् अन्य सम्बद्ध कानुनमा तोकिए बमोजिम | तोकिए बमोजिम | निशुल्क | लेखा अधिकृत | कार्यालय प्रमुख |
| ८ | प्रशासन सम्बन्धी | कार्यालयको दैनिक प्रशासनिक कार्य सम्पादन गर्ने | दर्ता, चलानी भएका पत्र, निवेदन तथा आयोजना प्रमुखका निर्णय र तोकआदेश अनुसारका | यथासिघ्र | निशुल्क | प्रशासन शाखा | कार्यालय प्रमुख |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

- निर्णय गर्ने अधिकारी: आयोजना प्रमुख
- कार्यालय बैठक तथा सम्बन्धित शाखाबाट उठेका कागजात, टिप्पणी साथै छालफलको आधारमा।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

- कार्यालय प्रमुख द्वारा।

आयोजना प्रमुख

७. सम्पादन गरेको कामको विवरण:

- विभिन्न कार्यक्रम/आयोजनाहरूको निर्माण कार्य सम्पन्न गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरिएको ।
- विभिन्न कार्यक्रम/आयोजनाहरूको लागत अनुमान स्वीकृति, बोलपत्र आह्वान, बोलपत्र मूल्याङ्कन, बोलपत्र स्वीकृति तथा ठेक्का सम्झौता सम्बन्धी कार्यहरू सम्पादन गरिएको।
- मिति २०८२/१०/०२ गते २८ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसका अवसरमा विभिन्न सचेतनामूलक तथा भूकम्प सुरक्षा प्रदर्शनी कार्यक्रम आयोजना गरी दिवस मनाइएको ।
- विभिन्न कार्यक्रम/आयोजनाहरूको अनुगमन, साइट सुपरिवेक्षण तथा स्थानीय सरोकारवालाहरूसँग समन्वय र छलफल गरी प्राप्त राय/सुझावका आधारमा आवश्यक कार्यसम्पादन गरियो।
- विभिन्न कार्यक्रम/आयोजनाहरूको नापजाँच तथा मूल्याङ्कन सम्पन्न गरी विल भुक्तानी, धरौटी आदि प्रक्रियाका लागि आवश्यक कार्यहरू सम्पादन गरिएको।
- प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित सरकारी निकायहरूसँग समन्वय र सहकार्य गरी आयोजना कार्यान्वयन गर्ने।
- माग तथा आवश्यकता अनुसार विभिन्न संघीय कार्यालय भवनहरूको मर्मत तथा सुधार सम्बन्धी कार्यहरूको प्राविधिक अनुगमन, साइट सुपरिवेक्षण, नापजाँच तथा भुक्तानी सम्बन्धी आवश्यक कार्यहरू सम्पन्न गरियो।

८. सूचना अधिकारी र प्रमुखको नाम र पद:

सूचना अधिकारी:- पुकार किरण सुनाम
पद:- रा.प.तृ.(प्रा.)/ईन्जिनियर
सम्पर्क नं.:- ९८५६०१७२२१

आयोजना प्रमुख:- श्री प्रतिज्ञा मानन्धर
पद:- रा.प.द्वि.(प्रा.)/सि.डि.ई.
सम्पर्क नं.:- ९८५६०७०२२१

९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

शहरी विकास तथा भवन निर्माण विभागको कार्यक्षेत्र सँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरु

नीतिहरु:

१. राष्ट्रिय शहरी नीति, २०६४
२. राष्ट्रिय आवास नीति, २०६८

आयोजना प्रमुख

३. राष्ट्रिय भूउपयोग नीति

ऐनहरुः

४. आवासको अधिकार सम्बन्धी ऐन २०७५

५. जग्गा प्राप्ति ऐन २०३४

६. नगर विकास ऐन, २०४५

७. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४

८. भवन ऐन २०५५

९. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३

**नियमावलीहरुः**

१०. संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०

११. भवन नियमावली, २०६१

१२. जग्गा विकास चक्रकोष विनियमावली, २०६१

मापदण्डहरुः

१३. राष्ट्रिय भवन संहिता, २०६० (परिमार्जित खण्ड समेत)

१४. संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवास सम्बन्धी मापदण्डनिर्माण आचार संहिता, २०७०

१५. निर्माण आचार संहिता, २०७०

१६. सरकारी पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्षको मापदण्ड, २०७०

१७. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२

१८. नेपाल शहरी सडक मापदण्ड, २०७६

कार्यविधिहरुः

१९. राष्ट्रिय भवन संहिता कार्यान्वयन कार्यविधि, २०६०

२०. भवनको लागत मूल्यांकन कार्यविधि, २०७०

२१. संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७०

आयोजना प्रमुख

२२.शहरी गरिब तथा न्यून आय वर्गका परिवारहरुको लागि व्यवस्थित बसोबास कार्यक्रम सञ्चालन कार्यविधि, २०७०

२३.जनता आवास कार्यक्रम कार्यान्वयन नमूना कार्यविधि, २०७५

२४.विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१

२५.निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१

२६.जग्गा एकीकरण आयोजना संचालन कार्यविधि, २०६१ (संशोधन २०७२ )

२७.२०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, वर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३

२८.जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि २०७५

२९.सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि (पहिलो संशोधन सहित) २०७५

३०.सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७७

निर्देशिकाहरुः

३१.सरकारी भवन मर्मत सम्भार निर्देशिका, २०५८

३२.नगर विकास निर्देशिका, २०६१

३३.निर्माण कार्य व्यवस्थापन दिग्दर्शन, २०६३

३४.भवन मर्मत तथा सम्भार निर्देशिका, २०६४

३५.भवनमा वर्षातको पानी संकलन सम्बन्धी निर्देशिका २०६६

३६.वर्षातको पानी संकलन सहयोगी पुस्तक तथा निर्देशिका, २०६६

३७.शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७

३८.भूकम्प सुरक्षात्मक आवासीय भवन निर्माणको लागि सचित्र निर्देशिका, २०६७ (राष्ट्रिय भवन संहिता २०६० मा आधारित)

३९.भूकम्प प्रतिरोधी भवन निर्माण निर्देशिका, २०६८ ( ईंटा वा ढुङ्गाको गारोबाट बन्ने दुई तले तल्ला र बुइगल सम्मका भवनहरुको लागि मात्र)

४०.भूकम्प प्रतिरोधी भवन निर्माण विषयक कालिगढ तालिम निर्देशिका, २०६८ (नेपाली/ अंग्रेजी Version)

४१.निर्माण कार्य व्यवस्थापन निर्देशिका, २०६८

आयोजना प्रमुख

४२.अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९

४३.सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९

अन्य

४४.राष्ट्रिय आवास योजना, २०७१

४५.व्यावसायिक योजना, २०७१ (अंग्रेजी र नेपाली दुवैमा )

४६.डिजाइन सूचीः भूकम्प प्रतिरोधी आवास पुनः निर्माण भाग १, २०७२ र भाग २, २०७६

४७.जग्गा एकीकरण ( के, किन, कहाँ र कसरी ) ?

४८.शहरी डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३

४९.ग्रामीण डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३

अंग्रेजीमा

५०.Seismic vulnerability evaluation on guideline for private & public buildings, 2011

५१.Recovery principles & guidelines, 2011

५२.Engineer's training on earthquake resistant design of building volume II: computer aided design, 2011

५३.Engineer's training on earthquake resistant design of building volume I: seismicity and design aspects, 2011

५४.Documentation of indigenous knowledge and technologies for safer buildings, 2011

५५.Guideline for mason training on earthquake resistant construction of buildings, 2011

५६.Specification of building construction (Civil) works, 2069 2071 (Second Edition)

५७.Design catalogue for reconstruction of earthquake resistant houses vol. I, 2015 (2072)

५८.Planning Norms & standard, 2015

५९.Design catalogue for reconstruction of earthquake resistant houses vol. II, 2073

६०.Design catalogue for reconstruction of earthquake resistant houses (Nepali version)

आयोजना प्रमुख

६१. Seismic retrofitting guidelines of buildings in Nepal (RCC), 2016
६२. Seismic retrofitting guidelines of buildings in Nepal (Masonry), 2016
६३. Seismic retrofitting guidelines of buildings in Nepal (ADOBE), 2016
६४. Training Manual on Nepal National Building code (NNBC)

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:-

रकम रु. लाखमा

| क्र. सं. | ब.उ.शि.नं. | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | ३४७०१०११ शहरी विकास तथा भवन निर्माण बिभाग पुननिर्माण- सरकारी भवन (NRA) | ७८५.४५ | १२७.४४ | १६.२३% |
| २ | ३४७०११०३ सघन शहरी विकास कार्यक्रम | २१७२.३७ | १०९०.५५ | ५०.२०% |
| ३ | ३४७०११०५ भवन निर्माण संहिता, सरकारी भवन निर्माण | १६७.४५ | १०२.६९ | ६१.३३% |
| ४ | ३४७०१११४ बस्ती विकास कार्यक्रम | ४२६ | १३६.२८ | ३१.९९% |
| ५ | ३४७०११०१ आवास व्यवस्था कार्यक्रम | ३० | २९.७४ | ९९.१३% |
| ६ | ३४७०१०१३ संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | १७६.९६ | १३५.५ | ७६.५७% |
| ७ | ३७०००११६ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ५.५ | ० | ०.०० |
| ८ | ३३७९११२८ बस्ती विकास कार्यक्रम (संघ शसर्त अनुदान) | १०० | १०० | १००% |
| | जम्मा | ३८६३.७४ | १७२२.२ | ४४.५७% |

## ११. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले हुनै आयोजना सञ्चालन गरेको भए सोको विवरण:

- वार्षिक स्वीकृत कार्यक्रम अनुसार क्रियाकलाप सम्पन्न गर्ने गरेको ।

## १२. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण:

- वेभसाइट:- www.pudbcgorkha.dudbc.gov.np
- ईमेल:- pudbcgorkha@gmail.com
- सम्पर्क नं.:- ०६४-४२०३६४

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
शहरी तथा भवन निर्माण आयोजना
गोरखा

आयोजना प्रमुख

१३.सार्वजिनक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवृ प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

| क्र. सं. | शीर्षक | दातृ संस्था | स्रोत | विनियोजित बजेट वैदेशिक अनुदान तर्फ रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| ३४७०१११४ बस्ती विकास कार्यक्रम | | | | | |
| १ | 11.4.22.11445 गोरखा जिल्ला गोरखा उधोग बाणिज्य संघ बाट पोखरा थोक हुदै गोरखा दरबार जाने बाटो स्तरोन्नती कार्य। | 2101009 ए डि वि/पि वि एल - पि एफ एम | 41 नगद ऋण | ३०० | |
| २ | 11.4.22.12545 गोरखा जिल्ला गोरखा नगरपालिका वडा न १३ देउराली रवर उधोग हटिया सडक स्तरोन्नति कार्य | 2103015 आई डि ए/डि पि सि - एस आई सि आई | 41 नगद ऋण | ३०० | |
| | जम्मा | | | ६०० | |
| ३४७०१०११ शहरी विकास तथा भवन निर्माण बिभाग पुननिर्माण- सरकारी भवन(NRA) | | | | | |
| १ | 11.1.2.540 थुमी, गाईखुरा, भुम्लीचोक, ताङ्गलिचोक र फुजेल स्वास्थ्य चौकी भवन निर्माण- गोरखा | 2214001 भारत | 33 शोधभर्ना हुने अनुदान | २५.५ | |
| २ | 11.1.2.541 सउसपानी आयुर्वेद औषधालय, ताकुकोट प्रा.स्वा.चौकी, र श्रीनाथकोट, खरिबोट, स्वारा, सउरपानी. चोप्राक, मुचोक हर्मि र पाँचकुवा देउराली स्वास्थ्य चौकी भवन निर्माण-गोरखा | 2214001 भारत | 33 शोधभर्ना हुने अनुदान | ३४ | |
| ३ | 11.1.2.542 गैरुङ्ग आयुर्वेद औषधालय र धुवाकोट, देउराली, बडडाडाँ, नाम्जुङ्ग, तक्लुङ्ग, गैरुङ्ग प्रा.स्वा.चौ., ताप्ले र तारानगर स्वास्थ्य चौकी भवन निर्माण गोरखा | 2214001 भारत | 33 शोधभर्ना हुने अनुदान | २५.५ | |
| ४ | 11.4.22.11287 चौरा गुम्बा पुननिर्माण, चुमनुब्री गा.पा.-7 छेकम्पार र नक्साछोलिङ्ग गुम्बा पुननिर्माण चुमनुब्री गा.पा.2 ल्हो, गोरखा | 2214001 भारत | 33 शोधभर्ना हुने अनुदान | ३४० | |
| | जम्मा | | | ४२५ | |
| | कुल सम्मा | | | १०२५ | |

नेपाल सरकार शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग शहरी तथा भवन निर्माण आयोजना

आयोजना प्रमुख

१४.सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः

- माथि उल्लेख गरिएको ।

१५.सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो विवरण संरक्षण गर्न तोकिएको समयावधिः

१६.सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण मौखिक रुपमा माग भए अनुसार तत्काल उपलब्ध गर्ने गराईएको:

- लिखित रुपमा माग नभएको र फोन मार्फत सोधपुछ हुनेमा सूचना अधिकारी मार्फत फोनबाटै सूचना दिईएको।

१७.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सोको विवरणः

- कार्यालयको सूचना प्रकाशनको लागि पत्रपत्रिकामा ठेक्का सम्बन्धी सूचना प्रकाशन गर्ने गरेको साथै कार्यालयको वेभसाइट, फेसबुक पेजमा र तालुक निकायमा पठाउने प्रयोजनको लागि सूचना प्रकाशन गर्ने गरेको ।

आयोजना प्रमुख